मितिः १९ माघ २०८२

आदरणीय अध्यक्षज्यू,
निर्वाचन आयोगमा दर्ता भएका सम्पूर्ण राजनीतिक दलहरू,

**विषयः राजनीतिक दलहरूलाई मानवअधिकारवादीहरूको खुला आह्वानः चुनावी घोषणापत्रमा संक्रमणकालीन [अ]न्यायलाई उच्च प्राथमिकता देउ !**

महोदय,

सम्बत् २०५२ देखि २०६२ सम्म मुलुकले दशक लामो सशस्त्र द्वन्द्व भोग्यो। त्यस अवधिमा हत्या, बेपत्ता, यातना, बलात्कार, जबरजस्ती विस्थापनलगायत गम्भीर मानवअधिकार उल्लङ्घन भए। यी तथ्य यहाँ र यहाँको दललाई पक्कै पनि विदितै छ।

आजभन्दा २० वर्षअघि सशस्त्र द्वन्द्वको अन्त्यसँगै दण्डहीनताको पनि अन्त्य गर्ने वाचा गरियो। हजारौँ–लाखौँ पीडितलाई सत्य, न्याय र परिपूरणको अधिकार सुनिश्चित गर्ने प्रतिबद्धता गरियो।

तर आजसम्म पनि त्यो गहन राष्ट्रिय अभिभारा पूरा हुन सकेको छैन। संक्रमणकालीन अन्यायको मुद्दा विस्तृत शान्ति सम्झौतादेखि नै नेपालको प्रमुख मानवअधिकार चुनौतीका रूपमा रहँदै आएको हो। तर विगतका सरकार र प्रमुख राजनीतिक दलहरूले यसलाई निरन्तर सत्ता स्वार्थको गोटी बनाए। यो तथ्य जगजाहेर छ।

जसको परिणामस्वरूप पीडितको सत्य र न्याय आकाशको फल बनिरह्यो। द्वन्द्वपीडितहरू आज पनि न्यायको खोजीमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा भौँतारिन बाध्य छन्।

हेक्का राख्नुपर्ने कुरा के छ भने समय गुजारेर मात्रै गम्भीर उल्लङ्घन र ज्यादतीको असह्य पीडाको उपचार हुँदैन। यथोचित सम्बोधन गर्न विफल हुँदा पीडा झन् बल्झिँदै गएको छ। "न्यायको पुस्तान्तरण" हुनुपर्नेमा "पीडाको पुस्तान्तरण" हुँदै गएको छ। दण्डहीनताको अवस्थाप्रति पीडित परिवारका नयाँ पुस्तामा चरम असन्तुष्टि, आक्रोश र विद्रोहको भावना तीव्र गतिमा विकसित हुँदै गएको छ।

यसबीच, गम्भीर मानवअधिकार उल्लङ्घनका पीडकहरू भने जवाफदेहिताबाट उन्मुक्तिमा रमाउँदै आएका छन्। उनीहरूमध्ये कतिपय राजनीतिक रूपमा स्थापित हुँदै उच्च ओहोदामा पुगेका छन्। कतिपय बढुवा हुँदै

विभिन्न सेवामा उच्च पदमा पुगेर सेवा निवृत्त भइसकेका छन्। कतिपय अहिले पनि पदासीन छन्। पीडित समुदाय भने उनैबाट शासित हुन बाध्य छन्।

संक्रमणकालीन [अ]न्याय सम्बोधन गर्ने नाममा विगतमा एकपछि अर्को आयोग गठन गरियो। तर ती आयोगहरू असफल भए। सत्य, न्याय र परिपूरणको मार्ग प्रशस्त गर्न सकेनन्। तिनीहरू वेकामे बन्दा दण्डहीनता मौलाउँदै गयो। मुलुकमा विद्यमान कुशासन, भ्रष्टाचार एवं आर्थिक तथा सामाजिक अधिकारबाट वञ्चितिजस्ता द्वन्द्वका कारक तत्वका रूपमा रहेका संरचनागत समस्याहरूको पहिचान गरी सम्बोधन गर्ने कार्यमा पनि राज्य चुक्यो।

यदि संक्रमणकालीन न्यायको वैध र प्रयोजनपरक टुङ्गो यथासमयमै लागेको भए भदौ २३ र २४ गतेका भयानक उल्लङ्घन र ज्यादती मुलुकले भोग्नुपर्ने थिएन। जेन–जी आन्दोलनको मूल कारण नै संक्रमणकालीन न्यायको असफलता थियो भन्नु अतिशयोक्ति हुँदैन। यो वस्तुगत विश्लेषणमा आधारित तितो सत्य हो।

संक्रमणकालीन न्यायका दुवै लक्ष्य—विगतमा भएका गम्भीर उल्लङ्घनको सत्य पत्ता लगाउने र दोषीलाई जवाफदेही बनाउने तथा द्वन्द्वका कारक तत्व सम्बोधन गरी भविष्यमा पुनः द्वन्द्व नदोहोरियोस् भन्ने सुनिश्चित गर्ने—पूरा गर्ने दिशामा अघि बढेको भए मुलुकले अर्कै कोर्स लिने थियो। मुलुकको दशा सुधारिने र दिशा बदलिने थियो। दुर्भाग्यवश राजनीतिमा इमानको खडेरीका कारण त्यसो हुन सकेन। मुलुकले एउटा द्वन्द्वका दुष्परिणामको मैझारो गर्न नपाउँदै अर्को द्वन्द्वको चपेटामा फस्ने अवस्था सिर्जना भएको छ।

फेरि पनि हजारौँ–लाखौँ पीडितमा विद्यमान निराशा, असन्तोष र विद्रोहको भावलाई थाँती राखेर वा बिर्सेर देश अघि बढ्न सक्दैन। इतिहासले चेतावनी दिइरहेको छ। उही प्रवृत्ति दोहोर्याइए परिणाम पनि उही हुन्छ—असन्तोष, निराशा, द्वन्द्व र विद्रोह।

संक्रमणकालीन न्यायसम्बन्धी कानुनमा पीडितहरूको गम्भीर असहमति छ। गम्भीर उल्लङ्घनको परिभाषा, हदम्याद, दण्ड–सजाय कटौतीसम्बन्धी प्रावधान सच्याउनुपर्ने उनीहरूको स्पष्ट माग छ।त्यसैगरी, तेस्रो पटक पनि दलिय भागबण्डाका आधारमा आयोगमा पदाधिकारी नियुक्त गरिएकोप्रति पीडितको चरम असन्तुष्टि छ। आयोगहरूप्रति विश्वास छैन। तिनको वैधतालाई कानुनी चुनौती दिएको अवस्था समेत छ।

यस परिप्रेक्ष्यमा संक्रमणकालीन न्यायको अभिभारा पूरा गर्ने स्पष्ट वाचा चुनावी घोषणापत्रमा समेटिनु र तदनुरूप ती वाचाहरू कार्यान्वयनमा लैजानु पर्ने अपरिहार्यता रहेको स्मरण गराउन चाहन्छौँ। अतः

जवाफदेहिता निगरानी समिति एवं समितिसंग आवद्ध हामी मानवअधिकारवादीहरू सम्पूर्ण राजनीतिक दलहरूलाई निम्न कुराहरूलाई चुनावी घोषणापत्रमा प्राथमिकता दिन यो सार्वजनिक आह्वान गर्दछौँ—

१. **सशस्त्र द्वन्द्व एवं जेन–जी आन्दोलनलगायतका सन्दर्भमा भएका गम्भीर उल्लङ्घन तथा ज्यादतीविरुद्ध शून्य सहनशीलताको नीति अंगीकार गर्ने।**

२. **द्वन्द्वपीडितहरूसँगको परामर्शमा संक्रमणकालीन न्याय कानुनमा यथोचित संशोधन गरी उल्लङ्घनको परिभाषा, सजाय कटौती, हदम्यादलगायतका सन्दर्भमा रहेका गम्भीर त्रुटिहरू सच्याउने र संक्रमणकालीन न्याय कानुनको ढाँचालाई मानवअधिकारमैत्री बनाउने।**

३. **सत्य निरूपण तथा मेलमिलाप आयोग एवं बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमा पछिल्लो पटक गरिएको विवादित, अविश्वसनीय र अपारदर्शी पदाधिकारी नियुक्तिलाई उल्ट्याउने।**

४. **स्वतन्त्र, पारदर्शी र विश्वसनीय प्रक्रियाबाट दुवै आयोगमा पुनः पदाधिकारी नियुक्त गर्ने।**

५. **सशस्त्र द्वन्द्वका पीडित तथा जेन–जी आन्दोलनका पीडितहरूको तत्कालीन र दीर्घकालीन परिपूरणीय आवश्यकताको यथोचित सम्बोधन गरी सम्मानपूर्वक जीवनयापन गर्ने वातावरण सुनिश्चित गर्न एकीकृत परिपूरण कार्यक्रम बनाई लागू गर्ने।**

६. **मानवअधिकारको गम्भीर उल्लङ्घनमा संलग्न व्यक्तिलाई सार्वजनिक पदमा नियुक्त हुन वा कुनै जिम्मेवारी लिन अयोग्य ठहर गर्ने व्यवस्था सहित भेटिङसम्बन्धी कानुन बनाएर कार्यान्वयनमा ल्याउने।**

भवदीय,

**जवाफदेहिता निगरानी समितिको तर्फबाट मानवअधिकारकर्मिहरु:**

*राजुप्रसाद चापागाई (संयोजक), राजन कुईंकेल (सहसंयोजक), रुकमनी महर्जन (सहसंयोजक), सदस्यहरू: चरण प्रसाई, डा. गौरीशंकरलाल दास, डा. मन्दिरा शर्मा, दिनेश त्रिपाठी, सुमन अधिकारी, देवी सुनुवार, बाबुराम गिरी, डा. विरेन्द्र थपलिया, जनकबहादुर राउत, इन्द्रप्रसाद अर्याल, विकास बस्नेत, अनिता थपलिया, भक्त विश्वकर्मा, बद्रीप्रसाद भुसाल, निराजन थपलिया, काशीराम ढुंगाना, लक्ष्मी पोखरेल, पुष्पराज पौडेल, सन्तोषबाबु सिग्देल, कमला पन्थी, रेश्मा थापा, डा. मुकुन्द कट्टेल, डा. देवेन्द्र प्रसाद अधिकारी, अनुपा अर्याल, ओजस्वी के.सी।*